निर्वाचन आयोग, नेपाल
जिल्ला निर्वाचन कार्यालय, म्याग्दी
फोन : ०६९-५२०५२६, ५२०५३२
Email :- deo.myagdi@election.gov.np

प.सं./च.नं. :- ०७८/०७९

मितिः- २०७८।०५।१५

विषयः-

निर्वाचन आयोग, नेपाल जिल्ला निर्वाचन कार्यालय म्याग्दी, बेनी २०६१

# सूचना। सूचना।। सूचना।।।

निर्वाचन आयोगको प.सं.च.नं.७१-०७७/७८ मिति २०७८।०५।१३ को पत्रानुसार **नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)** नामक राजनीतिक दलबाट छुट्टिई बनेको **नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)** नामक राजनीतिक दल र **जनता समाजवादी पार्टी नेपाल** नामक राजनीतिक दलबाट छुट्टिई बनेको **लोकतान्त्रिक समाजबादी पार्टी नेपाल** नामक राजनीतिक दलमा प्रवेश गर्न चाहने **नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)** र **जनता समाजवादी पार्टी नेपाल** नामक राजनीतिक दलबाट निर्वाचित स्थानीय तहका सदस्यहरुलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ (दोस्रो संशोधन अध्यादेश, २०७८) को दफा ३३ को उपदफा (२क) र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ (दोस्रो संशोधन) को उपनियम ५ को उपनियम (७क) बमोजिम नयाँ गठन भएको राजनीतिक दलमा प्रवेश गर्नको लागि दल गठन भएको मितिले २१ दिनभित्र (मिति २०७८।०५।०२ देखि मिति २०७८।०५।२२ सम्म) नयाँ गठन भएको दलमा समावेश हुन चाहेमा सनाखत गर्नु गराउनु हुन भनी लेखी आएकोले **नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)** र **जनता समाजवादी पार्टी नेपाल** नामक राजनीतिक दलबाट निर्वाचित स्थानीय तहका सदस्यहरुलाई उक्त नयाँ गठन भएको राजनीतिक दलमा प्रवेश गर्नको लागि **सक्कल नागरिकता वा मतदाता परिचयत्र** र **निर्वाचित भएको प्रमाणपत्र वा सम्बन्धित स्थानीय तहबाट जारी भएको परिचय पत्र वा प्रमाणित पत्र** सहित मिति २०७८।०५।२२ गते कार्यालय समय साझ ५:०० बजे भित्र यस कार्यालयमा स्वयम् उपस्थित भइ तोकिए बमोजिमको ढाँचामा सनाखतका लागि उपस्थित हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

.............................
भीमप्रसाद घिमिरे
**जिल्ला निर्वाचन अधिकारी**

भीमप्रसाद घिमिरे
जिल्ला निर्वाचन अधिकारी